**सिंजा गाउँपालिका**

**नराकोट, जुम्ला**

**कर्णाली प्रदेश, नेपाल ।**

# आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम

प्रस्तुतकर्ता

पुर्ण प्रसाद धिताल

सिंजा गाउपालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम

आदारणीय उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु र उपस्थित अन्य महानभाव ज्यूहरु,

सिंजा गाँउपालिकाको नीतिकार्यकम प्रस्तुतीकरणको यस विशेष घडिमा सवैजनालाई हार्दिक स्वागत अभिवादन भन्न चाहन्छु ।

संघीय गणतन्त्र नेपालका लागि योगदान गर्ने आन्दोलन र योद्धाहरुलाई सम्झिन चाहन्छु,

सिंजा गाँउपालिका विश्व सभ्यताको एक नयाँ मानक, विश्वमा भएका विभिन्न सभ्यता मध्येको एक फरक सभ्यता । नेपालको खस भाषाको उद्गम स्थान, बाइसे राज्यको केन्द्र र खसआर्यहरुका पुर्खाले सुन्दर सपना कोरेको यस पावन भुमिको स्थानिय सरकारले आज आफ्नो पालिका विकासका वहुआयामिक पक्षलाई समेटेर नीति तथा कार्यकम ल्याउन गइरहेको छ । सदियौं देखिको उत्पीडनवाट यस ऐतिहाँसिक भुगोल र सभ्यताले आशा गरेअनुसार विकासको लय समाउन सकेन । आन्तरिक उद्योग, पर्यटन, जल र वनको प्रयोगमा श्रोत परिचालन नहुँदा संघीय अनुदान र अन्तसरकारी वित्तिय हस्तान्तरण स्वरुप प्राप्त बजेट र पालिका क्षेत्रमा सामाजिक अभियानका रुपमा संचालन गर्न सकिने अभियानात्मक कार्यकमको सिमामा रहेर यो नीतितथा कार्यकम संचालन गरिएको छ ।

संविधान निर्माण पछिको दोस्रो आवधिक निर्वाचन मार्फत निर्वाचित हामी जनप्रतिनिधिले पालिकाको नेतृत्व सम्हालेको दोस्रो वर्षको यो नीतिकार्यकममा पहिलो वर्षका अधिकांस नीतिकार्यकमको निरन्तरता दिइएको छ भने केही नयाँ कार्यकम थपिएको छ । हाम्रो आफ्नै आन्तरिक श्रोत नहुँदा अनुदानमा आधारित बजेटका लागि  नीतिकार्यकम वनाउदा असहज हुँदो रहेछ । तरपनि पालिकाले दिगो विकास र दिगो श्रोत व्यवस्थापनका लागि आफुलाई अन्यपालिका भन्दा वढी सकियपारेको कुरा अवगत गराउन चाहन्छु ।

आर्थिक वर्ष २०८०।८१ का लागि नीति तथा कार्यकमलाई विषयगत रुपमा प्रस्तुती गर्ने अनुमति चाहन्छु ।

शिक्षा क्षेत्रको नीति तथा कार्यकम ।

१. सिंजा गाउँपालिका भित्र रहेका विद्यालयहरुलाई पालिकामार्फत् अनुगमन गर्न गाँउपालिकमा प्रविधियुक्त कन्ट्रोल रुमको विकासगर्ने र आन्तरिक तथा अन्तरविद्यालय स्तरिय प्रतिस्पर्धा र सहकार्यको विकास गरिनेछ ।

२. गाँउपालिकमा विशेष सकिय, सिकाई उपलब्धिमा अवव्ल नमुना पेश गरेका ३ वटा विद्यालयलाई र ३ जना शिक्षकलाई पालिका *शैक्षिक रुपान्तरण संवाहक* लाई सम्मान स्वरुप **शिक्षा सेवा पदक** प्रदान गरिनेछ ।

३. सिंजा गाँउपालिकाका २२ वटा विद्यालयको शैक्षिक र भौतिक विकासका लागि सिंजा गाँउपालिकामा जन्मेर नेपाल सरकार अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा कार्यरत व्याक्तित्वलाई "जन्मभुमि प्रतिको समर्पण" भन्ने अभियानका साथ **विद्यालय विकास दुत**को रुपमा परिचालन गरि सहयोग जुटाउने कार्यको थालनी गरिनेछ ।

४.खसआर्यहरु मध्ये सिंजा गाँउपालिकामा पुर्खेउली घर र थर भएकाहरुको सम्झनामा **"हाम्रो थर जान्ने रहर"** अभियान मार्फत सिंजा गाँउपालिकामा एक पुस्तकालय स्थापना गर्न पहल गरिनेछ ।

५. सिंजा गाँउपालिकाको एउटा विद्यालयमा सिंजा सभ्यता झल्किने **खुल्ला शैक्षिक पार्क** निर्माण गरिने छ ।

६. सिंजा **वहुप्राविधक विद्यालय**को स्थापना गरिने छ । सिटिइभिटिइ संगको सहकार्यमा सिपमुलक कक्षाको संचालन गरिने छ ।

७. मध्यपश्चिम विश्वविद्यालयसंगको साझेदारीमा सिंजा क्याम्पसको शैक्षिक र भौतिक स्तरविकास गरिनेछ ।

८.अति विपन्न तर जेहन्दार विद्यार्थीको लागि लोकसेवा कक्षा प्रोत्साहन र शैक्षिक प्रोत्साहन कोष निर्माण गरि सहयोग गरिनेछ ।

९. प्रत्येक विद्यालयमा पुस्तकालय, प्रत्येक वडामा एक एक बटा नमूना बाल बगैंचा, बाल विकासका शिक्षिकालाई तालिम र मापदण्ड अनुसारको पारिश्रमिकको व्यवस्था र विद्यालय भर्ना कार्यक्रमलाई थप प्रभावकारी वनाइनेछ ।

१०. शिक्षक सरुवा (पालीका स्तरीय ), आधारभूत तहका बालबालिकाहरुलाई वितरण गरिदै आएको दिवा खाजा र छात्रवृति, सेनिटरी प्याड वितरणलाई व्यावस्थित गरिनेछ ।

११. आधारभुत तह कक्षा १ देखि ८ सम्मको स्थानिय पाठ्यक्रम अर्न्तगत निर्माण हुने पाठ्यक्रम र पाठ्यपुस्तक लाई खस भाषामा अनुवाद गर्न र लागु गर्न तिला, हिमा, कन्कासुन्दरी गाँउपालिकामा समेत समन्वय गरि लागु गरिने छ ।

१२. संघको पढ्दै, कमाउदै र प्रदेशको एक पालिका एक आवसीय विद्यालय तथा आश्रित समुहका विद्यार्थीहरुको लागि आवस कार्यक्रमलाई समेत लागु गरिनेछ ।

१३. कार्यसम्पादन, योग्यता, क्षमता र आन्तरिक प्रतिस्पर्धाका आधारमा शिक्षक, शिक्षिकाहरु मध्येवाट विद्यालयको प्रधानाध्यापक तोक्ने कार्यलाई सुरुवात गरिने दिइने छ । विद्यालयको तह, दरवन्दी मिलान र प्रअ छनौटलाई मापन योग्य बनाइने ।

१४. प्रत्येक विद्यालयको विद्यालय सुधार योजना र विद्यालय गुरुयोजना निर्माण गरि कार्यान्वयनमा ल्याइने छ ।

१५. बिद्यालय निरिक्षणलाई कक्षा कोठा भित्र केन्द्रीत गर्दै शिक्षण सिकाइलाइ प्रबर्दन गर्न विशेषज्ञ सेवा प्रदान गर्न मासिक नमुना शिक्षण गरिनेछ ।

१६. गुणस्तरीय शिक्षाको लागि योजनावद्ध शिक्षण भन्ने मान्यताका साथ पालिका शैक्षिक क्यालेण्डर, कक्षा योजना, दैनिक विद्यार्थी तथा शिक्षक डायरी, शिक्षक तालिम, घुम्ती शिक्षण, ICT मैत्री शिक्षणको व्यवस्था, दौतरी शिक्षण र व्यावहारिक शिक्षामा जोड दिने कार्यक्रमहरु संचालन गरिनेछन् ।

१७. विद्यालय कर्मचारी, अभिभावक, शिक्षक, सरोकारवालाहरुको नियमित वैठक र अर्न्तक्रिया मार्फत उत्कृष्ट विद्यालय छनौट गरि सिकाई नमुना विद्यालय घोषणा गरिने छ । जेहेन्दार विद्यार्थी छात्र बृति कार्यक्रमलाई प्रभावकारी वनाइनेछ ।

१८. विद्यार्थीको सर्वाङ्गिण विकासका लागि विद्यालयलहरुमा खेलकुद लगायत अतिरिक्त क्रियाकलापहरु लाई जोड दिइनेछ । अन्तर विद्यालय, आन्तरिक विद्यालय र अन्तरपालिका स्तरको प्रतिस्पर्धाका लागि आवश्यक तयारी गरिनेछ ।

१९. सिंजा गाँउपालिकाका माध्यामिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षा संचानलन गरिरहेका विद्यालयहरुमा सरोरकारवालाहरु संगको सहकार्यमा तालिम तथा सिप विकासका कार्यक्रम संचालन गरिनेछ ।

२०. श्रावण १ गतेबाट गाँउपालिकाका सवै विद्यालयमा अँग्रजी, गणित र विज्ञान विषयहरु अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने व्यवस्था मिलाईने छ ।

२१. मर्यादित परीक्षा तथा गुणस्तरीय सिकाइका लागि अविभावक शिक्षा संचालन गरिने ५

## स्वास्थ्य र सरसफाई क्षेत्रका नीतितथा कार्यक्रमहरु

१.रातो कार्ड भएका र जेष्ठ नागरीक सरकारी सेवामा रहेका पहिचान गरी बाँकीलाइ स्वास्थ्य विमाको पहुँचामा नागरिकलाई आवद्ध गर्न विमालाई अनिवार्य गरिनेछ । आर्थिक अवस्था कमजोर भएका ६०० परिवारको ५० प्रतिशत प्रिमियम पालिकाले व्यहोर्ने छ ।

२. टेले मेडिसिनको लागि पालिकाले विश्वासनीय विशेषज्ञ सेवा प्रदान गरिरहेको स्वास्थ्य संस्थासंग समन्वय गर्नेछ । यसकालागि आवश्यक प्राविधिक कार्य यस आ.व.मा सम्पन्न गरिनेछ ।

३. पालिकामा रहेको स्वास्थ्य ल्यावको स्तरवृद्धि गरिनेछ । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान संगको सहकार्यमा दक्ष चिकित्सकको व्यावस्था मिलाइनेछ ।

४. गरीब, दु:खी असहाय एकल महिलालाई ठूलो रोग लागेमा औषधि उपचार गर्न नसक्ने अवस्था आउन नदिन पालिका **अध्यक्ष अक्षय कोष** लाई थप प्रभावकारी वनाइनेछ ।

५. गाउँपालिका भरिका नागरिकको स्वास्थ्य लगत राखेर तीन/तीन महिनाको निशुल्क जाँच र निगरानी गरिने छ । दीर्घरोगी,सुगर, मुटु रोगी दम रागन ग्याष्ट्रिक भएका पालिकाका वासीलाई निशुल्क औषधी वितरण गर्ने व्यावस्थालाई निरन्तरता दिइने छ ।

६.संघीय सरकार सँग समन्वय गरि नराकोट स्वास्थ्य चौकीलाई स्तरबृद्धि गरी १० शैयाको अस्पताल बनाइने छ । अस्पताल निर्माणको लागि साउन महिना भित्र वोलपत्र आव्हान गरिने छ ।

७.विद्यालय स्वास्थ्य कार्यक्रमलाई सरकारी तथा गैरसरकारी सरोकारवालाहरुसंगको साझेदारीमा थप प्रभावकारी कार्यान्वयन गरिनेछ ।

८. वडा नं.२,४,६ को आधारभूत स्वास्थ्य इकाईमा प्रयोगशाला र सुत्केरी केन्द्र बनाउनुका साथै गाउँपालिका उपाध्यक्ष आमा सुरक्षाकोषलाई थप प्रभावकारी वनाइने छ, घरमा सुत्केरी हुने चलनलाई रोकी स्वास्थ्य चौकीमा सुत्केरी हुनेलाई सरसफाई सम्बन्धि सामान उपहार दिइनेछ, सुत्केरी कुपोषित बालबालिका र ६७ वर्ष उमेर पुगेका घातक रोग लागेका विरामीहरु र आकास्मिक दुर्घटनाको लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

९. पुर्णखोप, भिटामीन र आइरन प्रयोगकोदर वढाउन संचालन गरिने राष्ट्रिय अभियानलाई पलिकामा उत्सवको रुपमा संचालन गरिनेछ ।

१०. सिंजा गाउँपालिका वडा नं. ४ मा २४ घण्टे सुत्केरी गराउने मिल्ने वर्थिङग सेन्टरको स्थापना गरि

वर्थिङ्ग सेन्टमा सुत्केरी न्यानो आमाघर व्यवस्थान कार्यक्रम संचालन गरिनेछ ।

११. धामी झाँक्री बैद्य मुग्लेरी पुरोहित संग सम्वन्धीत उपचार विधि र औषधीको खोजी तथा अभिलेखिकरण गरि अन्धविश्वास हटाउन सहयोग गर्ने ।

१२. सिंजा गाँउपालिका वडा नं. ५ र ६ को लागि नयाँ एम्वुलेन्स व्यावस्था गर्न सरोकारवाला निकायसंग समन्वय गरिनेछ ।

## कृषि तथा पशुपंछी सम्वन्धी निति तथा कार्यक्रम

१. सिंजा गाउँपालिकाको कृषि उपजलाई भण्डारण गर्न एक वहुउपयोगी भण्डारण घरको निर्माणका लागि संघीय र प्रदेश सरकार संग पहल गरिने छ । यसले खाद्य आपुर्ति सृङखलालाई थप प्रभावकारी गर्न मद्दत मिल्नेछ ।

२. किसानको उत्पादनलाई संरक्षण गर्न सम्भाव्यता अध्ययन गरि उपयुक्त स्थानमा आधुनिक प्रविधिको कोल्डस्टोर निर्माण गरिनेछ ।

३. किसानको उत्पादन पालिकाको चाँसो भन्ने नारा सहित दुध, स्याउ र रैथाने वालीको उत्पादनमा प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ । प्रदेश सरकारको मूल्यवान कर्णाली उत्पादन कार्यक्रममा सिंजाको उत्पादनलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।

४. नेपाल सरकारको कर्णाली मार्सिधान ब्राण्डीङ्ग कार्यक्रममा खस र सिंजाको पहिचान प्रदान गर्न पहल गरिनेछ ।

५. कृषि क्षेत्र विकास कार्यक्रम, नाफा कार्यक्रम, कर्णाली समृद्धि कार्यक्रमहरुलाई पालिकामा प्रभावकारी संचालन गरि कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरिनेछ ।

६. पालिकामा रहेको कृषिको अवस्था, किसान पहिचान, प्राथमिकताका क्षेत्र पहिचान गरि आवश्यक रणनीति तयार गर्न कृषि गुरुयोजना निर्माण गरिनेछ ।

७.सिंजाको उत्पादन औद्योगिक व्यापार मेलामा समावेश गर्ने प्रयोजनका लागि पालिका भित्र व्यावसाय गरेका सफल किसानको उत्पादनलाई प्रर्दशनीमा लैजान प्रोत्साहन रकम उपलब्ध गराइने छ ।

८.बीउको गुणस्तर सुरक्षा, उत्पादन क्षति न्यूनिकरण र उत्पादीत वस्तुको गुणस्तर कायम गर्न एक घर २ सुधारिएको आधुनिक हर्मेटिक थैलिको वितरण गरिने छ ।

९.हिमा नदि र आसपासका खोला छेउका बाँझो जमिनमा आधुनिक वाताअनुकुल लिफ्ट सिंचाई मार्फत सो जग्गालाई तरकारी उत्पादन पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।

१०.प्रङ्गागारिक मलको आपुर्तिलाई समय सापेक्ष गर्न नमुनाको रुपमा एक प्लान्ट स्थापना गरिने छ ।

११. शुश्क क्षेत्रमा हिँउ र वर्खेपानी संकलनको लागि पोखरी निर्माण सहितको सिंचाई प्रणाली विकास गरिने छ । यसका लागि प्रदेश र संघ सरकार संग समन्वय गरिनेछ ।

१२. मार्सिधान, रैथानेवाली, फलफुल र तरकारी विकास कार्यक्रम विस्तार तथा प्रत्येक वडामा पकेट र व्लक निर्माण गरिनेछ ।

१३. एक घर एक उद्यम केन्द्रको अवधारणा कार्यान्वयन गरिनेछ ।

१४. अर्गानिक सिंजा गाउँपालिकाको रुपमा विकास गर्न प्राङ्गगारिक विशेष कार्यक्रम संचालन गरिनेछ । १५. गाउँपालिका भित्र पालिएका गाई, भैंसी, भेडा वाख्राको विउ बदली गरी नश्ल सुधार गरिने छ ।

१६. सिंजा गाउँपालिकाले जग्गा लिजमा लिइ आफ्नो एक नमूना कृषि वीउ उत्पादन केन्द्र बनाएर उन्नत वीउ विरुवा उब्जाउ गरिनेछ । एक स्तरीय वीउ वैंकको लागि कृषि क्षेत्रका गैसस तथा आयोजना संगको समन्वयमा स्थापना गरिनेछ ।

१७.किसानले उत्पादन गरेका वस्तुबाट नयाँ परिकारहरु बनाउने तालिम संचालन गरि खाद्य संस्कारमा परिवर्तन ल्याउन अभियान संचालन गरिने छ ।

१८.सिंजा गाउँपालिकामा रहेका पुराना सिंचाइ कुलाहरु मर्मत गरि  बाँजो रहेको जग्गालाई प्रयोगमा ल्याइनेछ । पालिकामा रहेको बाँझो जग्गा उपयोग योजना लागु गरिने छ ।

१९. कृषि तथ्याङ्क अध्यावधिक तथा किसान सुचिकरणको काम पुरा गरिनेछ ।

२०. पालिका भित्रका सहकारीहरुलाई विषयगत रुपमा एकिकरण गरिनेछ । सहकारीको गूणस्तर बृद्धिगर्न आवश्यक सहयोग गरिनेछ ।

२१. उन्नत स्याउ र दाँते ओखरमा आधारित जीविकोपार्जन कार्यक्रम संचालन गर्न नाफा लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय आयोजना संग साझेदारी गरिनेछ ।

२२. आयातित विषादी युक्त तरकारीहरुको उपभोग पूर्ण प्रतिबन्द लगाई स्थानीय उत्पादनको उपभोगलाई प्रोत्साहीत गरिनेछ ।

## सूचना प्रविधि सम्वन्धी  नीति तथा कार्यक्रम

१. सरकारका कामलाई घरघरवाट सेवा लिन सकिने गरि पालिकाले आफ्नै एप्स वनाउने छ, यसलाई नागरिक एप्ससंग एकिकृत गर्नेछ । नागरिकलाई आधारभुत सेवा घरघरवाट प्रदान गर्नको लागि एक गाँउ एक सुचना श्रोत व्याक्तिको तायार गरिनेछ । गाँउमा भएका दैनिक गतिविधि सुचना श्रोत व्याक्तिमार्फत एप्समा राख्ने व्यवस्था मिलाइने छ ।

२. सिंजा गाउँपालिकाको तथ्याङ्कहरुलाइ डिजिटल अभिलेख राख्न आवश्यक पुर्वाधार विकास गरिनेछ ।

३. शिक्षा, स्वास्थ्य, सूचना संचार, प्रशासनमा डिजिटल सिंजाको अवधारणा लागु गर्ने नीति लिइने छ ।

४. पालिका टोल फ्रि नंम्वर संचालन गरिनेछ ।

५. पालिकामा टेलिफोन र इन्टरनेट सुविधा विस्तार र गुणस्तर सुधारको लागि सेवा प्रदायक संग समन्वय गरिनेछ ।

## लघु तथा घरेलु उद्योग सम्बन्धि नीति तथा कार्यक्रम

१. पुराना राडीपाखी, लिउ, ठेटुवा, घरबुना, डोका बनाउने सिलाइ कटाई, आरन सुधारका घरेलु उद्योग बनाउने पुर्खेउली सिप कला लाई जोगाउने र आधुनिक हाउस वायरिग फर्निचर, सिकमी, डकर्मी मिनीटीरलर मोटर साइकल मर्मत, आरन सुधार स्याउ बगैचा व्यवस्थापन, व्यूटीपार्लर होटेल व्यवस्थापन लगायतका तालिम र सीप विकासका कार्यक्रमहरु संचालनका लागि उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय र अन्य साझेदारहरुसँग साझेदारी गर्ने व्यवस्था मिलाइने छ ।

२. गाउँघरमा उत्पादन भएका वस्तुहरुको बाहिर जिल्ला पठाउनको लागि कोसेली घरको स्थापना गरिने छ । वडा नं. १,२ र ३ मा रारा जाने र आउने पर्यटकहरुलाई लक्षित गरि होटल, होम स्टे र

कोसेली घर कार्यक्रम संचालन गरिनेछ। बड़ा न ४, ५ र ६ मा आलु चिप्स, जडिबुटी चिया, स्याउको चाना, डोका, डाला, छान्ना र छाप्री बनाउने लघु तथा घरेलु उद्यमीहरु सिर्जना गरिने छ।

३. श्रमवैंकको स्थापना गरि सिपयुक्त जनशक्तिको पहिचान, वर्गिकरण र उपलब्धताको संरचना तायार परिने छ । गाउँघरमा बेरोजगार रहेका थप  युवाहरुलाई सिपमुलक तालिम दिने व्यवस्था मिलाउने छ । ४.पालिकामा एकिकृत औद्योगिक ग्राम निर्माणका लागि सम्भाव्यता अध्ययन गरि भौतिक संरचना निर्माण गर्न पहल गरिने छ ।

४. पालिका क्षेत्रमा रहेका खनिज श्रोतको अध्ययन र अनुसन्धान गरि प्रयोगमा ल्याउन आवश्यक समन्वय गरिनेछ ।

५. प्रकृतिक श्रोत र साधनको संरक्षण गर्दै दिगो विकासका लागि समुचित प्रयोगमा ध्यान दिइनेछ ।

## पर्यटन सम्वन्धी नीति तथा कार्यक्रम

१. केदारनाथ बुदबुदीलाई देश भरिकै धार्मिक र प्राकृतिक पर्यटनका रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइने छ । श्रावण शुक्लपक्षको एकादशीका (यो वर्षको भदौ १० गते) दिन केदारनाथ मेला सुरुवात गरिनेछ  ।

२. पर्यटन वोर्ड संगको सहकार्यमा खस रितिरिवाज र संस्कृति समेटेको खस क्यालेण्डर निर्माण गरि कायान्वयनमा ल्याइने छ ।

३. खस संग्रहलय निर्माणको कामलाइ निरन्तरता प्रदान गर्नुका साथै यस संग्राहलयलाईै खस सभ्यता अध्ययन प्रतिष्ठानको रुपमा विकास गर्न पहल गरिने छ । यूनेस्कोको सहयोगमा सिंजालाई मुर्त अर्मुत विश्व सम्पदा सुचीको रुपमा अगाडी वढाउन पहल गरिनेछ ।

४. बृहत खस पदमार्गको अध्ययन गर्नुका साथै खस प्रभावक्षेत्रको ऐतिहाँसिक नक्सा तयार पारिने छ ।

५. नराकोटमा सामुदायिक स्वामित्वको एक होम स्टे निर्माण गर्न पहल गरिने छ ।

६. सिंजामा रहेका विभिन्न गोत्रका पुर्खेउलीहरुको अध्ययन गरि इतिहास लेखनमा सहयोग गरिनेछ । साथै पर्यटन वोर्ड संगको सहकार्यमा सिंजा पर्यटन विकास गुरुयोजना निर्माण गरि कायान्वयन गरिनेछ ।

७. सिंजा क्षेत्रमा हुने गरेका धार्मिक मेलाहरुलाइ व्यवस्थित बनाइ प्रचार प्रसारमा गरिनेछ, सिंजा संवादको आयोजना गरिने छ ।

८. नाग्म सिंजा गमगढी राजमार्गमा सिंजा गाउँपालिका भित्र संचालन भएका होटल रेष्टुरेन्टमा रैथाने बालीका सफा परिकार बनाई पर्यटकलाई खुवाउ प्रोत्साहन गरिनेछ, होटल र होम स्टे व्यावसायीको क्षमता अभिवृद्धि गरिनेछ ।

९. सिंजाको इतिहास अभिलेखिकरण गरिनेछ । सिंजा गाँउपालिका ३, राइके पाखोमा खस साम्राज्यकव सिंजा राज्यको सिंजा गाउँपालीका प्रभाव क्षेत्र झल्किने नेपालको नक्सा निर्माण गरि पर्यटन प्रर्वद्धन गरिनेछ ।

१०. सिंजाका परम्परागत कला र रितिरिवाजको संरक्षण गर्न प्रत्येक वडा मा स्थानिय कला तथा परम्परा प्रवर्द्धन समिति तयार गरि देउडा, मागल, वाजागाजा खड सास्त्र लगायतका स्थानिय कला र परम्पराको संरक्षण विकास गरिनेछ ।

११. काठमाण्डौं लगायत देशका विभिन्न ठाँउमा सिंजा गाँउपालिको उत्पादन बेच्ने पसललाई डिजिटल विज्ञापन गर्न सहयोग गरिनेछ । सिंजाको वारेमा प्रचारप्रसार गर्न फ्यानटिप आयोजना गरिनेछ ।

१२. लेकालीमाग लाई सिंजाली रिङ्ग रोडका रुपमा विकास गरिने छ कविकलारकार लगायत लेखक

## महिला तथा बालबालिका तिरको नीति तथा कार्यक्रम

१. महिला दिदिबहिनीहरुका लागि हाम्रो सिंजाका स्थानीय पर्व र राष्ट्रिय पर्वहरुमा मनाउने गरेका महिला तथा बालबालिका कार्यक्रम, जनचेतना मुलक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।

२. सिंजा गाउँपालिका भरीका टोल विद्यालयमा बालक्लब बनाउने र बालविवाह बालश्रम र बाल हिंसा रोक्ने व्यवस्था मिलाउनको लागि आवश्यक पहल गरिने छ ।

३. छाउपडी प्रथा जातीय भेदभाव बहुविवाह बालविवाहको अन्त्य गर्नेको लागि व्यवस्था मिलाइने छ ।

४. गाँउपालिकाका प्रत्येक वडाका सवैभन्दा जेष्ठ एक जना व्याक्तिलाई पालिका अभिभावकको रुपमा सम्मान गरिनेछ । दशैमा पालिका अभिभावकवाट आर्सिवाद लिइने छ ।

## दलित सम्वन्धी नीति तथा कार्यक्रम

१. दलित उत्थानको लागि जनचेतना मुलक काम गर्नेछौं । पुख्यौली सिप भएका दलितहरुलाई सिप सम्बन्धि क्षमता विकास तालिमको व्यवस्था मिलाउइने छ ।

२.लोप हुन लागेका दलितका पुख्यौली सिपहरुको खोजी गरी सीप हस्तान्तरण गरी आर्य आर्जन गर्ने व्यवस्था मिलाइने छ ।

## वन, खानेपानी तथा सरसफाई सम्वन्धी नीति तथा कार्यकम

१. पानी सुद्धिकरण गरि पीउन विद्यालय शिक्षा अभियान र समुदाय जागरण अभियान संचालन गरिनेछ ।

२. पालिकामा खानेपानी नपुगेको वस्ती मध्ये यो वर्ष वडा नं. १,३,५ र ६ मा खानेपानी पुर्याइनेछ ।

३. एक गाँउ एक सार्वजनिक पार्ककोलागि अध्ययन गर्नुका साथै भौतिक पुर्वाधार निर्माणको लागि पहल गरिनेछ।

४. हरित सडक र हरित पुर्वाधारको लागि सार्वजनिक निर्माण, सडक, नदी र खोला किनारमा बृक्षारोपण गरिनेछ।

५. सामुदायिक र राष्ट्रिय वन क्षेत्रलाई उत्पादन र उपभोगमुलक वनाउन सामुहिक फलफुल रोपणलाई जोड दिइने छ। यसकालागि फलफुल दशक कार्यक्रम संग समन्वय गरिनेछ।

६. जडिवुटी संकलन र प्रसोधनको लागि नीजि सरकारी साझेदारीमा प्रसोधन केन्द्र स्थापना गरिनेछ।

७. सिंजा गाँउपालिकामा बन्ने नयाँ घर र सार्वजनिक पुर्वाधारमा सिंजा सभ्यता झल्कने डिजाइन प्रयोग गर्न प्रोत्साहन गरिने छ।

८. डालेचुक, ढंटेलो, ऐरिचुक लगायत बहुमुल्य वनस्पतीवाट हुने उत्पादनमा प्रोत्साहन अनुदान प्रदान गरिनेछ।

## भौतिक पूर्वाधार तथा अन्य क्षेत्रका नीति तथा कार्यक्रम

१. सिंजागाँउपालिका रणनीतिक सडकहरु र गौरवका योजना घोषणा गरि निर्माणका कामहरु सुरु गरिने छ। गाँउपालिकाको योजना वैंक तयार गरिने छ।

२.संघीय सरकार र कर्णाली सरकार सँग समन्वयगरी धिताल लिही, गोराँ भाडगाउँ छकाल्या पानी हुदै जुम्ला बजार सम्म जोडने सडक लाई पलिका गौरवको सडक घोषण गरि छिटो भन्दा छिटो निर्माण सम्पन्न गरिने छ।

३.सिंजा बृहत खानेपानी आयोजनाको काम सुरु गरिनेछ। वडा नं. १ मौरेखाडा गाँउमा एक घर एक धारो सहितको खानेपानी योजना निर्माण सम्पन्न गरिनेछ।

४. सिंजा सहरीविकास योजना र वस्तिविकास योजना निर्माण गरि कार्यान्वयन गरिनेछ। वसपार्क स्थापना गर्ने काम सुरु गरिनेछ।

५. पालिका भवनको तल थप्ने काम गरिनेछ। वडा नं. १, ३ र ५ का वडा भवन निर्माण सुरु गरिनेछ। अधुरो रहेको पालिका स्तरीय रंगाशाला विकासको कामलाई निरन्तरता दिइनेछ। वडा नं २ चंखुचाँगामा खेल मैदान निर्माण गरिनेछ।

६. सिंजा गाँउपालिकाको प्रमुख सडकहरुलाई ८ मिटर चौडाइका वनाइने छ। गोरा-रुगा-जोडु र रुगा-काँडागाँउ सडक ८ मिटर चौडाईका बनाइने छ।

७. सिंजाको विरासत संग जोडिएको र १० महिना देखि निरन्तर पहल गरिरहेको नराकोटमा मालपोत र नापी कार्यालय स्थापना गर्ने कार्यको लागि थप पहल गरिने छ । पालिकामा स्थापना भएका बैंक वाट सहज सुविधा प्रदानगर्न सहजिकरण गरिनेछ ।

८. हिमा, सिंजा र कनकासुन्दरी गाउँपालिकाको एक आपसमा समन्वय गरी हिमा नदी सफाई, नदिका छाल तिर रुखलगाउने, नदीमा विषादी र करेन्ट लगाउन नदिन्या माछा संरक्षण गर्ने व्यवस्था मिलाइने छ ।

९. सिंजा गाउँपालिकाका सबै घरधुरीलाई राष्ट्रिय प्रसारण लाईनवाट विजुली बाल्ने व्यवस्था गर्न नेपाल विद्युत् प्राधिकरण संग समन्वय गरिने छ ।

१०. सिंजाबाट बाग्रे हुदै कालिकोटको पलाता जोड्न्या बाटो बनाउन पहल गर्ने छौ । जाँच-वाओ, वारे, मालाभिड सडकलाई लेकाली पर्यटन सडक घोषणा गरि निर्माणको लागि पहल गरिनेछ ।

११. सिंजा क्षेत्रमा रहेको नाग्मगमगढी सडकखण्ड छिटो निर्माण सम्पन्न गर्नको लागि पहल गरिनेछ ।

१२. पालिकाको वडा नं ५ र ६ का घरधुरीहरुका लागि नविकरणीय उर्जा उत्पादन तथा जडानको कार्य गरिनेछ ।

१३. पालिकाका सवै सार्वजनिक भौतिक पुर्वाधार, आवश्यकताका आधारमा नीजि घर, पशुपंछी, कृषि, जेष्ठ नागरिक र विपन्न अशक्त नागरिक बीमा गरिने छ ।

१४. विपद्वाट क्षति भएका संरचना पुननिर्माण र विपद् व्यवस्थापनको कामलाई प्राथमिकताका साथ अगाडी वढाइने छ ।

१५. खाली नैनालमाडुमा विमान स्थल निर्माणको सम्भाव्यता अध्ययन गरिने छ ।

१६. सिंजा गाउँपालिका भित्र भौतिक संरचना निर्माणका क्रममा भौगोलिक विकटता र दुरीका आधारमा दुवानीको व्यावस्थापन गरिनेछ ।

१७. दिगो सरसफाई स्वच्छता तथा खानेपानी कार्यक्रम (SUSWA)लागु गरिनेछ ।

## जनतासँग अध्यक्ष लगायत अन्य विषय सम्वन्धी नीति तथा कार्यक्रम

१.युवा परिचालन कृषि, शिक्षा, स्वास्थ्य जोखिम, विपत व्यवस्थापन, कला, साहित्य, संस्कतिको संरक्षण अन्तरपालिका भगिनी सम्बन्ध, स्वयंसेवक परिचलान सेवा विस्तार तथा रोजगारी सिर्जना गरिनेछ ।

२. सिंजा क्षेत्र र सिंजा सभ्याता प्रभाव क्षेत्रको सम्वन्धलाई वलियो वनाउन सिंजा क्षेत्र भित्रका हिमा र कनकासुन्दरी गाँउपालिका संग साझेदारी गरि सिंजा एकिकृत विकास योजना निर्माण गरिने छ ।

तिला र तातोपानी गाँउपालिका संग सम्वन्ध थप विकास गरिने छ । प्रदेश निर्वाचन क्षेत्रको एकतामा वल पुग्ने अभियानको सुरुवातमा अगुवाई गरिनेछ ।

३. सिंजाको साम्राज्य र सभ्यताको प्रभावक्षेत्रहरुमा सम्वन्ध विस्तारको लागि बाजुराको कोल्टी नगर पालिका र दैलेखको दुल्लु नगरपालिका संग भगिनी सम्वन्धको लागि पहल गरि परम्परागत सम्वन्ध पुनस्थापना गरिनेछ ।

४. पालिकामा संचालन भएको हरेक व्यावसायलाई दर्ता गरि व्यावस्थित अभिलेखिकरण र करको दायरामा ल्याइने छ । यस्ता व्यावसायीको हितलाई ध्यानमा राखि क्षमता अभिवृद्धिका काम संचालन गरिनेछ ।

५. हरेक सार्वजनिक कामको सार्वजनिक सुनुवाई, कामको गुनासो सुनुवाइ, मूल्याङ्कन सुझावको पालनगर्न उत्प्रेरित गरिनेछ । पालिकामा टोल फ्रि नं. र **जनसरोकारका लागि अध्यक्ष कार्यक्रम** संचालन गरिनेछ ।

६. श्रावण १ गतेलाई खस दिवस र उत्सवको रुपमा मनाइने छ ।

## युवा तथा खेलकुद

१. युवा कलबहरुलाई सक्रियवनाई पालिका स्तरका युवा सञ्जाल गठन गरि सामाजिक सचेतनाका कार्यक्रममा सक्रिय बनाइने छ ।

२. युवा क्षमता विकासका  कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

३. योजना छनौट तथा सरकार सञ्चालका विषयका जानकारी दिन युवा सम्बाद अभ्यास गराइने छ

४. युवाहरुलाई खेलकुद गतिविधि सँग जोडन विभिन्न खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

५. अध्यक्षकप खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

## सिंजा गाउँपालिका ले प्राप्त गरेको रकम र पालिकामा संकलन भएको कर

सिंजा गाउँपालिकामा पहिला देखि लगाउदै आएको स्थानीय करलाई साल समय अनुसार करको दरलाई हेरफेर गरी परिवर्तन गर्नेछौं ।

गाउँसभाका सदस्य ज्यूहरु, अब म यो सम्मानित १२ औं गाउँसभामा आर्थिक वर्ष २०८०र ८१ का लागि अनुमानित गरी प्रस्ताव गरेको बजेट कार्यक्रम र योजना तपाईरुका सामु राख्दैछु ।

क. संघिय सरकारको समानिकरण अनुदान - ८ करोड ९६ लाखा

ख. संघीय सरकार शसर्त अनुदान चालु - १५ करोड २९ लाख

ग. संघीय सरकार शसर्त अनुदान पुजीगत- २ करोड १९ लाख

घ. संघीय सरकार विशेष अनुदान पुजीगत १ करोड  १५ लाख

ङ. संघीय सरकार समपुरक अनुदान - ६० लाख

च. राजश्व बाँडफाँड  संघ - ७ करोड १४ हजार ३०० मात्र

छ. प्रदेश समानीकरण अनुदान- १ करोड ६९ हजार

ज. प्रदेश मुख्यमन्त्री रोजगार - ३० लाख

जम्मा  ३७ करोड ३९ लाख २० हजार ३०० मात्र

१. चालु २२ करोड २९ लाख १४ हजार ३००

२. पुँजिगत १५ करोड १० लाख ६ हजार

ख. कर्णाली प्रदेश अन्तरसरकारी वित्तियहस्तान्तरण

२ करोड ९७, लाख

ग. आन्तरिक आम्दानी रु २९ लाख ३७ हजार

यो निति तथा कार्यक्रममा सहयोग गरिदिन सबै सिंजाबासी दाजुभाइ तथा दिदीबहिनीहरुलाई अनुरोध गर्दछु । धन्यवाद ।

पूर्णप्रसाद धिताल

सिंजा गाउँपालिका अध्यक्ष

मिति २०८१।०३।१०